"स्वच्छ, सुन्दर र समुन्नत शहर, मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०१७००
०४६५०१४४४
Email: maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

मिति: २०८१/११/०१

**<u>बेरोजगार व्यक्ति सूचिकरण हुने सम्बन्धी सुचना</u> ।**

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व.२०८२/८३ मा १०० दिनको न्युनतम रोजगारीमा संलग्न हुन इच्छुक १८ देखी ५९ वर्ष सम्मका बेरोजगार व्यक्तिहरुले २०८१ फागुन १ गतेदेखि २०८१ फागुन ३० गते सम्म आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार फारम भर्नु/भराउनु हुन अनुरोध छ ।

आवश्यक कागजात:

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ थान र पासपोर्ट साईजको एक प्रति फोटो
- शैक्षिक योग्यता,तालिम र कामको अनुभव सम्बन्धी कागजात
- बेरोजगार व्यक्तिसँग सम्बन्धित परिवारको सदस्यहरुको नागरिकताको प्रतिलिपी-१/१ थान (नागरिकता नभएको सदस्य भए जन्मदर्ताको प्रतिलिपी१/१ थान)
- बसाईसराई प्रमाणपत्र/विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी-१थान (नागरिकता जारी जिल्ला फरक भएमा)
- बैङ्क खाता विवरण (उपलब्ध भएसम्म)

अपूर्ण विवरणहरु रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मा प्रविष्टि नहुने जानकारी गराइन्छ । आ.व.२०८०/०८१ मा फारम भरेका इच्छुक व्यक्तिहरुले पुन: फारम भर्नुपर्नेछ ।

(पुनश्च: प्रत्येक बेरोजगार व्यक्तिले छुटाछुटै फारम भर्नुपर्नेछ । बेरोजगार दर्ताका लागी दिने निवेदनको ढाँचा www.pmep.gov.np र www.lalbandimun.gov.np बाट पनि डाउनलोड गर्न सकिन्छ वा स्थायी बसोबास भएको वडा कार्यालयबाट लिन सकिन्छ । फारम भर्न कुनै शुल्क लाग्ने छैन ।

बसन्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत